# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०४।२४ गते

# प्रेस विज्ञप्ति

**विषयः आरोप-पत्र दायर गरिएको।**

-----------------------------------------------

जिल्ला विकास समितिको कार्यालय, कैलालीमा कार्यरत खरिदार टिकेश्वरी जोशीले नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी पदमा बहाल रहेकोले छानविन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले उक्त कार्यालयमा टेलिफोन अपरेटर(सहायक स्तर चौथो तह) पदमा नियुक्ति पाउन माध्यमिक शिक्षा परिषद उत्तर प्रदेश,भारतबाट हाईस्कुल तह उत्तीर्ण गरेको भनिएको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी उल्लिखित पदमा नियुक्ति लिइ लाभ समेत लिएको देखिन आएको हुँदा निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता